केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३०/०६८/६९ मिति: २०६९/०२/२१

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिम गर्ने नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६८ को निर्देशन नं. २ को बुँदा नं. ४ को आवधिक कर्जा सम्बन्धी थप व्यवस्था अन्तर्गत उल्लिखित टिप्पणी खण्डलाई देहाय बमोजिम संशोधन गरिएको छः-
*"टिप्पणीः यस दफाको प्रयोजनका लागि "आवधिक कर्जा" भन्नाले एक वर्षभन्दा बढी भुक्तानी अवधि कायम गरी प्रवाह गरिएको कर्जा सापटलाई सम्झनु पर्दछ। "घ" वर्गको लघु वित्तीय संस्थाको हकमा एक वर्षभन्दा कम अवधिको किस्तावन्दीमा चुक्ता गर्ने गरी प्रवाह भएको कर्जालाई समेत आवधिक कर्जाको रुपमा गणना गर्न सकिने छ।"*

२. बचत तथा ऋण सम्बन्धी कारोवार गर्ने सहकारी संस्थाहरु बाहेक अन्य सम्बन्धित विषयगत सहकारी संस्थाले समूह सदस्य मार्फत सामुहिक खेती तथा पशु/पंक्षीपालन गर्ने प्रयोजनको लागि प्रति सदस्य रु.९० हजार ननाघ्ने गरी समूह सदस्य संख्याको आधारमा कर्जा सीमा कायम हुने गरी प्रवाह भएको अधिकतम रु. एक करोडसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सकिने छ। यसरी प्रवाह भएको कर्जा दुरुपयोग भएको पाइएमा त्यस्तो कर्जालाई खराव कर्जामा वर्गीकरण गरी १५० प्रतिशत जोखिम भार कायम गर्नु पर्ने छ।

३. कर्जा लिँदाको बखत तोकिएको शर्त वा व्याजदर परिवर्तन भएको कारण ऋणीले आफ्नो आम्दानी वा श्रोतबाट कर्जा अग्रीम भुक्तानी गर्न चाहेमा त्यस्तो अग्रिम भुक्तानी गरे वापत कुनै किसिमको शुल्क लिन पाइने छैन।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि. तथा नी.वि. महाशाखा, सिंहदरबार, काठमाडौं
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं।
१४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।